# स्वर्गद्वारी नगरपालिका

# स्वर्गद्धारी नगरपालिकाको अनुगमन सम्वन्धि कार्यविधि,-२०७६

**नगर सभाबाट स्वीकृत मिति :.२०७६।०३।........**

**प्रमाणिकरण मिति** :

## स्वर्गद्वारी नगरपालिका

५ नं. प्रदेश, प्यूठान

नेपाल

२०७३

## प्रस्तावना :

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ,प्रदेस र स्थानीय तह गरी तीन तह रहने व्यवस्था गरेको छ। विकास आयोजना तथा परियोजना सम्वन्धि नीति,कानून,मापदण्ड तर्जुमा,कार्यान्वयन,अनुगमन,मल्यांकन र नियमन सम्वन्धी महत्वपूर्ण जिम्मेवारी नगरपालिकालाई प्राप्त भएको छ । नगरपालिकालाई प्राप्त अधिकारलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न नगरपालिका भित्र सरकारी तथा गैरसरकारी क्षेत्रवाट संञ्चालित विकास निर्माण सम्वन्धि कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारीता एवं व्यवस्थापनका लागि चरणवद्ध अनुगमन गर्ने, आवश्यक सुझाव सहित मार्गदर्शन गर्ने, नगरपालिका भित्रका विकास निर्माण सम्वन्धि कार्यको अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण कार्यलाई प्रभावकारी वनाउन स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गर्दै स्वर्गद्धारी नगरपालिकाको मिति २०७६/०३/१० गते सम्पन्न पाँचौ नगरसभा वैठकको निर्णय वमोजिम यो कार्यविधि स्वीकृत गरी जारी गरिएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** ::

(१) यो कार्यविधिको नाम "स्वर्गद्धारी नगरपालिकाको अनुगमन सम्वन्धि कार्यविधि -२०७६" रहेको छ ।

(२) यो कार्यविधि नगरपालिकावाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** :

क) नगर भन्नाले स्वर्गद्धारी नगरपालिका सम्झनु पर्दछ ।

**ख) "कार्यविधि"** . भन्नाले स्वर्गद्धारी नगरपालिकाको अनुगमन सम्वन्धि कार्यविधि,-२०७६ लाई सम्झनु पर्दछ ।

**ग) "सभा "** भन्नाले स्वर्गद्धारी नगरपालिकाको नगर सभा सम्झनु पर्दछ ।

**घ) "प्रमुख"** भन्नाले स्वर्गद्धारी नगरपालिकाको नगर प्रमुखलाईसम्झनु पर्दछ ।

**ङ) "उप प्रमुख "** भन्नाले स्वर्गद्धारी नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनु पर्दछ ।

**च) "कार्यालय "** भन्नाले स्वर्गद्धारी नगरकार्यपालिकाको कार्यालय सम्झनु पर्दछ ।

**छ) "कर्मचारी "** भन्नाले स्वर्गद्धारी नगरपालिकाको कार्यलयमा कार्यरत कर्मचारीलाई सम्झनु पर्दछ ।

**३.कार्यविधि कार्यान्वयनको अधिकार :**

क) यस कार्यविधिको कार्यान्वयन गर्ने अधिकार अनुगमन समितिमा निहित रहने छ ।

**४. कार्यविधिमा संशोधन** :

यस कार्यविधिमा भएका व्यवस्थाहरु आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ । संशोधित व्यवस्था नगर कार्यपालिकावाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

### परिच्छेद-२

## समितिको गठन

**५.नगर स्तरीय अनुगमन समितिको गठन :**

क) नगरपालिकाका उप प्रमुखको संयोजकत्वमा निम्नासारको एक नगर स्तरिय अनुगमन समिति रहनेछ ।

(१) नगर उप प्रमुख - संयोजक

(२) नगर प्रमुखले तोकेका एक जना नगर कार्यपालिकाको सदस्य - सदस्य

(३) योजना संचालन भएको वडाको वडा अध्यक्ष - सदस्य

(४) प्रमुख प्रशासकीय अधिकृत : - सदस्य

(५) प्राविधिक शाखाको प्रमुख वा प्रतिनिधि - सदस्य

(६) योजना तथा अनुगमन शाखा प्रमुख - सदस्य सचिव

समितिले आवश्यकता अनुसार अन्य कार्यपालिका सदस्य,विषय विज्ञ,संघ संस्थाका प्रतिनिधि, सरोकारवाला र पत्रकारलाई अनुगमनमा आमन्त्रीत गर्न सक्नेछ ।

**६.समितिको काम,कर्तव्य र अधिकारः**

**१) नगर स्तरिय अनुगमन समितिको काम,कर्तव्य र अधिकार निम्न वमोजिम हुनेछ ।**

क) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका वाधा,व्यवधान र समस्या समाधानका लागि आवश्यक निर्देसन दिने ।

ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार काम भए नभएको एकीन गर्ने, काम नभएको पाइएमा सम्वन्धित पक्षलाई सचेत गराउने ।

ग) प्राविधिकले आयोजना वा कार्यक्रमको लागत अनुमान,सुपरिवेक्षण र मुल्यांकन गर्नुपर्नेमा सो अनुरुप नगरेको पाइएमा अनुगमन गरी आवश्यक निर्देशन दिने ।

घ) निर्धारित गुणस्तर अनुसार काम भए नभएको सम्वन्धमा सुपरिवेक्षण गर्ने ।

ङ) आयोजना वा कार्यक्रममा भएको खर्चको अनुपातमा कार्यान्वयन प्रगती भए नभएको सम्वन्धमा आवश्यक अनुगमन गर्ने ।

,च) कुनै योजना वा कार्यक्रमको वजेट,नामाकरण,वजेट शिर्षक,वजेट रकमान्तर गरी संशोधन गर्नु पर्ने भएमा अनुगमन गरी वैठकमा सिफारिस गर्ने ।

छ) विषयगत शाखा वा अन्य क्षेत्रवाट संचालित कार्यक्रम वा आयोजनाको समेत अनुगमन गर्ने ।

ज) गैरसरकारी क्षेत्रवाट संचालित कार्यक्रमको समेत प्रभावकारी अनुगमन गरी आवश्यक निर्देशन दिने

झ) समितिले आवश्यक ठानेका अन्य योजना तथा कार्यक्रमहरु समेत नियमित रुपमा अनुगमन तथा सुपरिवेक्षण गर्ने ।

ञ) समितिले समय समयमा गरेको अनुगमनको प्रतिवेदन वैठकमा पेश गर्ने । समितिले दिने प्रतिवेदनको ढाँचा अनुसुची १ बमोजिमको हुनेछ ।

**७.वडास्तरीय अनुगमन समिति सम्वन्धि व्यवस्था :**

क) वडा भित्र संचालित योजनहरुको लागत,परिमाण,समय सीमा र गुणस्तरियताको आधारमा अनुगमन गरी आवश्यक सल्लाह सुझाव र पुष्ठपोषण दिनका लागि देहाय वमोजिमको वडा स्तरीय अनुगमन समिति रहनेछ ।

(१) वडा अध्यक्ष - संयोजक

(२) वडा सदस्यहरु - सदस्य

(३) सम्वन्धित वडाको प्राविधिक - सदस्य

(४) वडा सचिव - सदस्य सचिव

ख) समितिले आवश्यकता अनुसार अन्य कर्मचारी, जनप्रतिनिधि, वा विषय विज्ञलाई अनुगमनमा आमन्त्रण गर्न सक्नेछ ।

यस समितिले वडा भित्र संचालित रु.५ ( पाँच ) लाख भन्दा कम लागतका योजनाहरुको अनुगमन गरी प्रतिवेदन दिनुपर्नेछ । अनुगमन गर्दा देखिएका विषयहरुमा नगर स्तरीय अनुगमन समितिलाई जानकारी दिनुपर्नेछ ।

ग) माथि वुदाँ नं. ७ को (क) र (ख) मा जुन सुकै कुरा उल्लेख गरिएको भएता पनि यस नगरपालिका क्षेत्र भित्र संचालन भएका योजना,परियोजना तथा कार्यक्रमहरुको आकस्मिक अनुगमन तथा सुपरिवेक्षण नगर प्रमुख वा नगर प्रमुखले तोकेको व्यक्ति वा समुहले गर्न सक्नेछ ।

## परिच्छेद-३

**८.अनुगमनको समीक्षा,सुझाव,निर्देशन र प्रतिवेदन सम्वन्धि व्यवस्था :**

(क) नगर स्तरीय अनुगमन समितिले आफैले गरेको अनुगमन वा वडा स्तरीय अनुगमन समितिद्धारा पेश भएको अनुगमन प्रतिवेदन उपर मासिक रुपमा छलफल एवं समीक्षा गर्नेछ । साथै विषयको गाम्भीर्यताका आधारमा सम्वन्धित निकायमा सुधारका लागि सुझाव वा निर्देशन दिन सक्ने छ । तर यस प्रकारको समीक्षा वैठक आवश्यकता अनुसार जति पटक वस्न पनि कार्यविधिले वाधा पुर्‍याएको मानिने छैन ।

(ख) नगर स्तरीय अनुगमन समितिले आफैले गरेको अनुगमन वा वडा स्तरीय अनुगमन समितिद्धारा पेश भएको अनुगमन प्रतिवेदनको समीक्षा वैठकमा आवश्यकता अनुसार आयोजना सञ्चालन गर्ने निकायलाई पनि आमन्त्रण गर्न सकिनेछ ।

(ग) समितिले अनुगमन पश्चात दिएको निर्देशनको पालना गर्नु सम्वद्ध पक्षको कर्तव्य हुनेछ ।

(घ) समितिले योजना निरीक्षण पश्चात अनुसुची २ बमोजिमको फारम भर्नुपर्नेछ ।

## परिच्छेद -४
## बैठक भत्ता तथा सुविधा

**१०) अनुगमनमा सम्लग्न पदाधिकारीहरुको सुविधा सम्वन्धि व्यवस्था :**

१. अनुगमनको सिलसिलामा आयोजना तथा योजना निरीक्षणको लागि योजना स्थलमा जाँदा पदाधिकारीहरुले कार्यालयमा रहेका सवारी साधनको प्रयोग गर्नु पर्ने छ तर कार्यालयमा सवारी साधन नभएमा वा पर्याप्त नभएमा आवश्यक पर्ने सवारी साधनको व्यवस्था कार्यालयले मिलाउनु पर्ने छ । व्यक्तिगत ढंगले व्यवस्था गरिएको सवारी साधनको कार्यालयवाट भुक्तानी गरिने छैन ।

२. अनुगमनमा जाँदा नगर स्तरीय अनुगमन समितिका पदाधिकारीहरु एवं आमन्त्रित कर्मचारी वा विशेषज्ञले नियमानुसार अनुगमन भत्ता पाउने छन् । विहान ८ वजे देखि अनुगमन गर्नु परेमा वा एकै दिनमा दुइ वा दुइ भन्दा वढी अनुगमन गर्नु परेमा खाना र खाजाको व्यवस्था गर्नुपर्नेछ । विहान १० वजे देखि अनुगमन गर्नु परेमा खाजाको व्यवस्था गर्नु पर्नेछ तर अनुगमन भत्ता भने एक दिनमा एक पटक मात्रै पाइने छ ।

## परिच्छेद ५
## विविध

**११) खारेजी र वचाउ :**

(क) यस कार्यविधिमा भएको व्यवस्थाले प्रचालित कानून बमोजिम हुने अन्य अनुगमन कार्यलाई वाधा पुऱ्याएको मानिने छैन ।

(ख) यो कार्यविधि लागु हुनु भन्दा अगाडी भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

(ग) यो कार्यविधि प्रचलित संघीय र प्रादेशिक कानूनसँग वाझिएमा वाझिएको हदसम्म अमान्य हुनेछ ।

## “समाप्त”